सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh
# शुभम सन्देश
National DAILY दैनिक
वर्ष : ५ अंक : ९ २०७९ साल, असोज १२ गते बुधबार, Wednesday 28 Sep, 2022 मूल्य रू. ५/- पृष्ठ : ४

## बारामा पहिलो पटक लाइभ प्रशारण सहित
# सिम्रौनगढ नगरकार्यपालिकाको बैठक सम्पन्न



**रामबाबु मेहता**
सिम्रौनगढ, ११ असोज ।
बाराको सिम्रौनगढ नगरपालिकाको कार्यपालिकाको दोस्रो बैठक पत्रकारहरुको उपस्थितिमा लाइभ प्रशारण गरि मैत्रिपूर्ण बातावरणमा सम्पन्न भएको छ जुन चाहि बारा जिल्लाको लागि नौलो प्रयास रहेको छ । सिम्रौनगढ नगरपालिकाको आ ब ०७९/०८० को छैठौं नगर सभा पछिको दोस्रो बैठक मंगलबार नगरपालिकाको सभाहलमा सोहादपुर्ण बातावरणमा सम्पन्न भएको छ। नगर प्रमुख किशोरी प्रसाद कलवारको अध्यक्षतामा बसेको कार्यपालिकाको सद्स्यहरुको बैठक भेलाले विभिन्न ५ वटा प्रस्ताव माथी छलफल तथा निर्णय गरिएको छ । सिम्रौनगढ नगरपालिकामा बिगतका दिनमा देखिएको बिवाद कार्यपालिका सद्स्य एवं नगर प्रमुख कलवार बिच आपसी समझदारी नभएको कारण नगरपालिकाको बिकास निर्माणकार्य, समाजिक सुरक्षा, करार सेवा ,ज्यालादारी कर्मचारीको म्याद थप गरिएको छैन । प्रमुख प्रशासकीय अधिकृत कै बिवाद टुङ्गो नलागेपछि नगरपालिका नै अस्तबयस्त बनेका थिए । केही दिन प्रमुख प्रशासकीय अधिकृत को रुपमा उपसचिव दिनेश न्यौपाने

*(बाँकी तेश्रो पेजमा)*

## दुई विधेयक प्रमाणीकरण



धनुषा, ११ असोज । रासस
मधेश प्रदेशका प्रदेश प्रमुख हरिशङ्कर मिश्रले दुईवटा विधेयक प्रमाणीकरण गरेका छन् । प्रदेश प्रमुख मिश्रले प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तथा कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९ प्रमाणीकरण गरेका

*(बाँकी तेश्रो पेजमा)*

# सिलौटाले हिर्काएर महिलाको हत्या, श्रीमान पक्राउ

जनकपुरधाम, ११ असोज ।
धनुषामा सिलौटा प्रहार गरी एक महिलाको हत्या भएको छ । धनुषाको गणेशमान चारनाथ नगरपालिका -६ मुसहरी टोल बस्ने ३५ वर्षीया आशा देवी सदाको मसाला पिध्ने सिलौटाले हानेर हत्या भएको प्रहरीले जनाएको छ। हत्या आरोपमा उनका श्रीमान रेविया सदालाई प्रहरीले पक्राउ गरेको छ। सोमबार अपराह्न ४ बजे श्रीमान रेवियाले मादक पदार्थ सेवनको नशामा सिलौटा प्रहार गरी श्रीमती आशाको हत्या गरेको धनुषाका



प्रहरी प्रवक्ता डीएसपी प्रदीपबहादुर क्षेत्रीले बताए। उनलाई घटनाको केही समय पश्चात् पक्राउ गरेको प्रहरीले जनाएको छ। हत्या गर्न प्रयोग गरिएको

*(बाँकी तेश्रो पेजमा)*

# कृषि औजार कारखाना सञ्चालनको जिम्मा राष्ट्रिय आविष्कार केन्द्रलाई

काठमाण्डौ, ११ असोज ।
सरकारले कृषि औजार कारखाना १० वर्षका लागि राष्ट्रिय आविष्कार केन्द्रलाई जिम्मा लगाएको छ । वीरगञ्जस्थित कृषि औजार कारखाना राष्ट्रिय आविष्कार केन्द्रले पुनः सञ्चालनमा ल्याउने सम्बन्धमा मंगलबार अर्थ मन्त्रालय र राष्ट्रिय आविष्कार केन्द्रबीच सम्झौता पत्रमा हस्ताक्षर भएको हो । सम्झौता पत्रमा मन्त्रालयका तर्फबाट सहसचिव रमेश केसी र आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले हस्ताक्षर गरे। ३१ भदौको मन्त्रिपरिषद् बैठकले कृषि औजार कारखाना आविष्कार केन्द्रलाई सञ्चालन गर्न दिने निर्णय गरेको हो। सोही निर्णयअनुसार आविष्कार केन्द्रसँग अर्थ मन्त्रालयले सञ्चालनको सम्झौता



गरेको अर्थ मन्त्रालयले जनाएको छ । तीन महिनाको अग्रिम सूचना दिएर भने दुई पक्षले जुनसुकै बेला सम्झौता रद्द गर्न सक्ने गरी सम्झौता भएको छ ।

**पहिलो वर्षको बजेट अर्थ मन्त्रालयले उपलब्ध गराउने**

मन्त्रालय र केन्द्रबीच भएको सम्झौता अनुसार कारखानाको मर्मत सम्भार र मेसिनरी औजार थप गर्न आवश्यक रकम सञ्चालक समितिको सिफारिसमा पहिलो पटकलाई नेपाल सरकार अर्थ मन्त्रालयले बजेट व्यवस्था गर्ने भएको छ । राष्ट्रिय आविष्कार केन्द्रले कृषि

*(बाँकी तेश्रो पेजमा)*

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

# एक्लै लड्ने हल्ला गर्ने एमालेको महागठबन्धन

काठमाडौं, ११ असोज ।
सत्तारूढ राजनीतिक दलहरू नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाबिच चुनावी गठबन्धन कायमै छ । स्थानीय निर्वाचनमा गठबन्धन बनाएर चुनाव लडेका ती दलहरू प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पनि संयुक्त उम्मेदवार उठाएर चुनाव लड्दैछन् । तर, प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले गठबन्धन बनाएर चुनाव लडिरहेकोबारे खास चर्चा हुने गरेको छैन। सत्तारूढ दलले गठबन्धन बनाएर चुनावी प्रतिस्पर्धामा जाँदा एमालेले पनि आफूसँग मुद्दा र व्यवहार मिल्ने पार्टीसँग सहकार्य र गठबन्धनको प्रयत्न गरिरहेको छ । कतिपय साना दलहरू एमालेको चुनाव चिन्ह सूर्यबाट चुनाव लड्ने तयारी गरिरहेका छन् ।




सत्तारूढ गठबन्धनमा पनि तत्कालको मुद्दा एउटै भएकाले कार्यनीतिक सहकार्यमा छन्। विगतमा अलग अलग धारमा रहेर राजनीति गरेका शक्तिहरू २०७७ पुस ५ मा तात्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेपछि संयुक्त रूपमा सडकमा निस्किए। संविधानको रक्षा, गणतन्त्रको रक्षा र लोकतान्त्रिक प्रणालीको मुद्दामा एक ठाउँमा उभिएका ती दलहरूको कार्यनीति मोर्चा बन्यो, जुन मोर्चा स्थानीय निर्वाचनदेखि अहिलेसम्म सहकार्यमा छन् । यता एमालेले पनि मुद्दा मिल्ने शक्तिहरूसँग सहकार्यको कोसिस गरिरहेको छ । गणतन्त्रप्रति खास अनुराग नराख्ने एमाले अध्यक्ष ओलीले राजावादी शक्तिदेखि मधेशलाई अलग राज्य बनाउनुपर्ने माग राख्ने र संघीयताको खारेजी हुनुपर्ने मान्यता राख्ने शक्तिसँग समेत सहकार्य गरिरहेको छ ।

२०६२/०६३ सालमा जुन शक्तिले पार्टीभित्र गणतन्त्रको वकालत गर्थ्यो, त्यो शक्ति अहिले एमालेसँग छैन । पार्टीका तात्कालीन नेता माधवकुमार नेपाल र वरिष्ठ नेता झलनाथ खनाल

*(बाँकी तेश्रो पेजमा)*

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार: परमहंस केशरी
अधिवक्ता : राजेन्द्र कुशवाहा
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

# सहकारीमा सुशासनको सकस

**बाबुकाजी कार्की** ————

सहकारीमा सर्वसाधारणको सहज र स्वस्फूर्त सहभागितालाई नियमनका नाममा संकुचित बनाउने प्रयास गरेको पाइन्छ । सहकारी व्यवस्थापन तथा सञ्चालनमा सुशासन कायम गर्न चुनौती बन्दै गएको छ । अधिकांश सहकारीमा सञ्चालक समितिको चयन, कर्मचारीको नियुक्ति, आम्दानी खर्चको पारदर्शिता आदि समस्या छन् । सेयर सदस्यको सदाशयता र विश्वासको गलत फाइदा उठाउँदै कतिपय केही धूर्त व्यक्तिले सञ्चालकलगायत समितिमा परिवारका सदस्य वा नजिकका व्यक्ति राखेर मनलागी गर्ने क्रम बढेको पाइन्छ । पदाधिकारी चयन, अडिटको प्रमाणीकरण आदि गलत एवं रकमी सिन्डिकेटको आधारमा अपारदर्शी साधारणसभाबाट कागजी प्रक्रिया पूरा गरी टाठाबाठाहरूको हैकम कायम राख्ने प्रवृत्ति मौलाउँदै गएको छ । सहकारीमा खर्चका विवरण वास्तविकताभन्दा पनि बिल भर्पाइ दुरुस्त राख्छन् । अनि व्यक्तिगत लाभ लिने दुराशयका कारण सहकारीको सिद्धान्त र मर्ममाथि नै प्रश्न खडा गरिदिएको छ । कमिसनमा कमाउने र चाकडीमा रमाउने प्रवृत्ति कतिपय सञ्चालकको नियत छ ।

सहकारीका केही लोभीपापी सञ्चालक जागिरे पनि छन् । जो सेवासुविधा बढाउनेजस्ता निन्दनीय र हास्यास्पद निर्णय गरेका घटना सामान्य बन्दै गएका छन् । सहकारी सञ्चालनमा विधि र प्रक्रियासम्मत पारदर्शी कार्यशैलीभन्दा पनि सामन्ती सोच र स्वार्थबाट प्रदूषित हुँदै जानु भविष्यको शुभसंकेत होइन । सहकारीमा देखिएका बेथिति नियमन गर्दै सुशासन कायम गर्न सम्बन्धित निकाय बेलैमा चनाखो नहुने हो भने बेथिति झन् मौलाउने निश्चित छ । नेपालमा पछिल्लो समयमा सहकारीको संख्यात्मक वृद्धि तीव्र गतिमा भएको पाइन्छ । नेपालमा पहिलो सहकारी ऐन २०४८ बन्दा ८ सय ३३ सहकारी थिए । हाल २९ हजार ८ सय ८६ सहकारी छन् जसमा ७३ लाख ७ हजार ४ सय ६२ भन्दा बढी मानिस सेयर धनी छन् । तीन वर्षमा ४ हजार ६ सय ४४ सहकारी घटेका छन् ।
कोरोना महामारीको सबैभन्दा बढी सकस सहकारी क्षेत्रमा परेको देखिन्छ ।

सहकारी संघीय सरकारअन्तर्गत १ सय २५, प्रदेश सरकारअन्तर्गत ६ हजार २ सय र स्थानीय सरकारअन्तर्गत २३ हजार ७ सय ५९ छन् । सञ्चालित सहकारीमध्ये २० विषयगत केन्द्रीय संघ, एक राष्ट्रिय सहकारी बैंक, एक राष्ट्रिय सहकारी महासंघ र २ सय ४१ विषयगत जिल्ला सहकारी संघ क्रियाशील छन् । सहकारीमा ५६ प्रतिशत महिला सदस्य छन् । सहकारी संघसंस्थाले मुलुकभर ८८ हजार ३ सय ९ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ । सहकारीको कारोबार १० खर्ब तथा ९४ अर्ब १० करोड सेयर पुँजी तथा ४ खर्ब ७७ अर्ब ९६ करोड बचत संकलन गरी ४ खर्ब ३६ करोड ऋण गरेको सरकारी तथ्यांकले पुष्टि गरेको छ । कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशत, वित्तीय क्षेत्रमा २० प्रतिशत १ लाख प्रत्यक्ष रोजगारी, १० लाख स्वरोजगारी र कम्तीमा पनि पाँच खर्बको वित्तीय कारोबार सहकारीले गरेको तथ्यांकीय आंकलनले देखाएको छ । सहकारीको परिभाषा र सिद्धान्तसमेतलाई अपव्याख्या गर्ने विकृत गतिविधि पनि भइरहेका छन् । मौजुदा सहकारी ऐनमा केही सकारात्मक व्यवस्था भए पनि अझ धेरै सच्याउनुपर्ने विषय छन् । सहकारीमा सर्वसाधारणको सहज र स्वस्फूर्त सहभागितालाई नियमनका नाममा संकुचित बनाउने प्रयास गरेको पाइन्छ । कोरोना महामारीको सबैभन्दा बढी सकस सहकारी क्षेत्रमा परेको देखिन्छ । दैनिक बचत तथा ऋण प्रवाहबाट चलायमान रहने सहकारी लामो लकडाउनका कारण प्रायः ठप्प थिए । कतिपय सहकारीले कारोबार बन्द गर्न विवश भएको सञ्चालकहरूको पनि दुःखेसो छ । सहकारीहरूमा अस्तव्यस्त व्यवस्थापन तथा अदूरदर्शी योजनाका कारण पनि यस्तो अवस्था आइलागेको हो । सहकारीको मर्म र भावनाविपरीत सीमित टाठाबाठाको स्वेच्छाचारीले सहकारीको अवस्था टिठलाग्दो बनेको छ । देशभर छरिएकाले बैंक र वित्तीय ज्ञान नभएका जनसमुदायको आम्दानीलाई व्यवस्थित र उचित प्रवर्द्धन गर्न सहकारी वरदान साबित हुन सक्छ । समुदायमा छरिएर रहेको निष्क्रिय पुँजीलाई एकीकृत गरी उत्पादनमूलक कार्यमा परिचालन गर्नु सहकारीको धर्म हो ।

अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेका सहकारी सिद्धान्त र मान्यतालाई समेत मध्यनजर राखेर सहकारी सञ्चालन हुनुपर्छ । अभियन्तासँगको घनिभूत छलफलबिना ल्याइने सहकारी ऐननियमहरू प्रभावकारी हुन सक्दैनन् । सहकारीका सबल र दुर्बल पक्ष केलाएर समसामयिक सुधार गर्नु आवश्यक छ । अनियमित गर्नेलाई दण्ड र राम्रोलाई पुरस्कृत गर्न अनुगमन निरीक्षण गर्ने परिपाटी प्रभावकारी हुन सकेको छैन । सहकारीमा हुने आर्थिक अनियमिततालाई निरुत्साहित गर्न ढिला भएको छ । पारदर्शी बनाउँदै आम्दानी र खर्चको अनिवार्य सामाजिक लेखापरीक्षण गर्र्ने प्रावधानले आर्थिक अनुशासन कायम गर्न सके कोसेढुंगा हुन सक्छ । सहकारीमा सर्वसाधारणको सहज र स्वस्फूर्त सहभागितालाई नियमनका नाममा संकुचित बनाउने प्रयास गरेको पाइन्छ । कार्की, सहकारी अभियन्ता हुन् । (साभार–अन्नपूर्णपोष्ट)

# नागरिकतामा राजनीति

**मेघेन्द्र विश्वकर्मा** ————

नागरिकता कति संवेदनशील विषय हो भन्ने सन्दर्भ विभिन्न मुलुकका उदाहरण हेर्‍यौं भने स्पष्ट हुन्छ । राज्य र नागरिकता एकअर्कासँग सम्बन्धित र परिपूरक अवधारणा मानिन्छन् । नागरिकताको इतिहास निकै लामो छ । जसको विकास युनानीकालदेखि नै भएको पाइन्छ । युनानीकालमा नगर राज्यका सदस्यलाई विशेष अधिकारका रूपमा नागरिकता प्राप्त हुन्थ्यो । ग्रिक दार्शनिक अरस्तु (ईपू ३८४–३२२) ले शासन गर्ने र शासित हुने योग्यतालाई नागरिक भनेका छन् । उनका अनुसार राज्यले भौगोलिक सीमाभित्रका नागरिकलाई निश्चित अधिकारसहित प्रदान गर्ने कानुनी प्रमाण नै नागरिकता हो । राज्य, नागरिक र नागरिकता निरपेक्ष नभएर सापेक्षिक अवधारणा हुन् ।

धार्मिक राज्यहरूको पतन र पुनर्जागरणकालको १५औं र १६औं शताब्दीदेखि नागरिकताको आधुनिककाल प्रारम्भ भएको मानिन्छ । औद्योगिक क्रान्तिपश्चात् व्यक्तिको नभै कानुनी राज्यको विकास भएसँगै नागरिकताको सम्बन्धमा नयाँ अवधारणा विकास हुन पुग्यो । १९औं शताब्दीमा उदाएको उदारवादसँगै प्राकृतिक अधिकारको विचारलाई नागरिक अधिकारको आधार मानियो । यसपछि मात्रै नागरिकतालाई कानुनी हैसियतको सूचक मानिन थालियो । भारतको नागरिकता ऐन, १९५५ खण्ड ५(१) बी मा विवाह गरेर ल्याए/आएका विदेशी बुहारीहरूको हकमा सात वर्षसम्म निरन्तर बसोबास गरेको हुनुपर्ने व्यवस्था छ । विदेशी वैवाहिक पत्नीको हकमा अमेरिकी नागरिकतासम्बन्धी कानुनी व्यवस्था पनि कठोर छ । जसले ग्रिन कार्ड लिएको पाँच वर्षको अवधिपश्चात् मात्रै नागरिकता लिन पाउने प्रबन्ध गरेको छ । पाकिस्तानमा वैवाहिक विदेशी बुहारीको हकमा पाकिस्तान नागरिकता ऐन, १९५१ खण्ड १० (२) अनुसार पाँच वर्षपछि मात्रै नागरिकता प्राप्तिको अधिकार रहने कानुनी व्यवस्था छ । संसारका करिब सबैजसो मुलुकले वैवाहिक विदेशी बुहारी वा व्यक्तिहरूको हकमा निश्चित समयावधिको प्रबन्ध गरेका छन् । नेपालमा नागरिकताको सवाल बेलाबेलामा विवादित बन्दै आइरहेको देखिन्छ । अहिले भने यो विषय एकपटक फेरि सरकार र राष्ट्रपतिबीचको शक्तिको टकरावलाई निम्त्याउने र संवैधानिक व्यवस्थालाई गिजोल्ने गरी प्रकट हुन पुगेको छ । अहिले नागरिकता ऐन, २०६३ (पहिलो संशोधन) का लागि संसद्ले तय गरेको नागरिकता विधेयकमा उल्लिखित कानुनी प्रबन्धको विषयले ठूलो तंरग पैदा गरिदिएको छ । सरकार र राष्ट्रपतिको बीचमा विधेयक प्रमाणीकरणको विषयलाई लिएर विवाद चुलिएको छ । देशका कानुन पालना गराउने दुवै निकायबीच पैदा भएको शक्ति संघर्षले समाजलाई नै विभाजित गराउने देखिन्छ । सरकार र राष्ट्रपतिबीच असमझदारी र टकरावलाई कसैगरी पनि उपयुक्त मान्न सकिँदैन । राज्य र नागरिकता एकअर्कासँग सम्बन्धित र परिपूरक अवधारणा मानिन्छन् । राज्य, नागरिक र नागरिकता निरपेक्ष नभएर सापेक्षिक अवधारणा हुन् ।

आखिर नागरिकता विधेयक प्रमाणीकरणको विषयलाई लिएर दुई संस्थाबीच द्वन्द्वको सूत्रपात कसरी र किन भयो ? नागरिकता विधेयकमा त्यस्तो के विषय उल्लेख छ, जसलाई राष्ट्रपतिले प्रमाणीकरण गर्न अस्वीकार गरिन् ? यो सवाल आफैंमा महत्त्वपूर्ण छ । नागरिकता प्रमाणीकरणको विषयमा सरकार र राष्ट्रपतिका बीचमा विकास भएको आओ ना बुझाइको विषयलाई सतहमा ल्याइएको छ । त्यसैमा कतिपय कानुनविद् र दलका नेतृत्व तहबाटै अनावश्यक गिजोल्ने र दुवै सम्मानित संस्थालाई बदनाम गराउने दुष्प्रयास भरहेको छ । मुलुकका दुई सर्वोच्च संस्थाबीचमा द्वन्द्व चर्काएर अभीष्ट सिद्ध गर्न चाहने तत्त्वहरू यस कार्यमा सक्रिय छन् ।

नागरिकता विधेयक प्रमाणीकरण नगर्ने राष्ट्रपतिको निर्णयको पक्षमा बहुसंख्यक जनता उभिएका छन् । सरकारले पहिलोपटक विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाएपश्चात् पन्ध्रबुँदे सन्देशसहित उनले पुनर्विचारसहित विधेयकलाई संसद्मा फिर्ता पठाएकी थिइन् । उक्त सुझावपत्रमा प्रादेशिक पहिचान, नागरिकता प्राप्त गरेका व्यक्तिहरूका अनागरिक सन्तान, बाबुको पहिचानको अभावमा राष्ट्रियता निर्धारणमा समस्या र अंगीकृत नागरिकतालगायत विषय समेटिएका थिए । तर राष्ट्रपति कार्यालयबाट सरकारलाई पुनर्विचारका लागि पठाइएको सन्देशमाथि संसद्ले छलफल गर्न नै आवश्यक ठानेन । नागरिकता विधेयकमा उनको चासोलाई समेट्ने कुरा त धेरै टाढा रह्यो । सरकारले उक्त विधेयक राष्ट्रपतिको आग्रहविपरीत कमा र पूर्णविरामसमेत तलमाथि नगरी प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पुनः पारित गर्‍यो र राष्ट्रपतिसमक्ष पेस गर्‍यो । यद्यपि राष्ट्रपतिले भने विधेयकलाई सर्वस्वीकार्य र सबैको अपनत्व हुने कसरी बनाउन सकिन्छ भन्ने विषयमा राजनीतिक दलका नेता, कानुनविद् र सरकारका प्रतिनिधिहरूसँग निरन्तर छलफल गरिरहिन् । त्यसका विपरीत सरकार राष्ट्रपतिलाई विधेयकका विरुद्धमा रहेको देखाउनेमै उद्यत् रह्यो । जबकि राष्ट्रपतिको विधेयकप्रतिको चासो व्यक्तिगत, पारिवारिक र दलगत थिएन । नागरिकताको सवाल नितान्त जनहित र राष्ट्रिय हितसँग रहेको छ भन्ने विषयमा राष्ट्रपति दृढतापूर्वक उभिएको देखिन्छ । सरकारले भने राष्ट्रपतिप्रति मात्रै विरोधको निसाना लगाएन । कतिसम्म भने सरकारले यस विधेयकलाई नेकपाकालीन ओली सरकारले ल्याएको अध्यादेशभन्दा रत्तिभर पृथक् नरहेकोसम्म भन्यो । जुन कुरा साँचो होइन । ओली सरकार नागरिकतालाई प्रत्येक नागरिकले प्राप्त गर्ने अधिकारको सुनिश्चितताप्रति संवेदनशील थियो । वैवाहिक विदेशी बुहारीका हकमा समयसीमाको प्रबन्ध गर्नुपर्ने कुरामा स्पष्ट थियो । कयौं वर्षदेखि तराई मधेस र देशका अन्य भूभागका नागरिक नागरिकताको प्राप्तिबाट हुनु परेको वञ्चितीकरणलाई अन्त्य गरी सहजरूपमा वितरण गर्नेमा अध्यादेश स्पष्ट थियो । उक्त अध्यादेशलाई लिएर गठबन्धनकारी दलहरू र विभिन्न स्वार्थ समूहले अहिले जनतालाई दिग्भ्रमित बनाउने प्रयास गरिरहेको देखिन्छ, जुन दुर्भाग्यपूर्ण छ ।

जबकि भारतमै समेत विदेशी बुहारीलाई विवाह गरेर ल्याएको सात वर्षपछि मात्रै नागरिकता दिइन्छ । नेपालमा चाहिँ विवाह गरेर ल्याएकै भोलिपल्टै नागरिकता दिइने व्यवस्था गरिनुपर्ने कुरालाई लिएर रोइलो गर्नु उचित देखिँदैन । उक्त विधेयकमा तुरुन्तै विवाहित विदेशी बुहारीलाई नागरिकता दिने कानुनी प्रबन्ध दिलाउन जोड गर्नु नै सरकारले प्रतिपक्ष दल र आम जनताको साथ नपाएको देखिन्छ । उसैगरी जनताले अस्वीकार गरेको अनि राष्ट्रहित र जनहित प्रतिकूल विधेयक भएकै कारण सरकारले राष्ट्रपतिको साथ नपाउने विषयलाई अनावश्यक उचाल्नु सही होइन ।
नागरिकता कति संवेदनशील विषय हो भन्ने सन्दर्भमा एउटा महत्त्वपूर्ण दृष्टान्त लिऔं । भारतीय कंग्रेसनेतृ सोनिया गान्धी पूर्वप्रधानमन्त्री राजीव गान्धीकी श्रीमती र गान्धी परिवारकी बुहारी मात्रै होइनन् । उनी भारतकै एक प्रमुख राजनीतिक पार्टीको अध्यक्ष भइसकेकी शक्तिशाली व्यक्ति हुन् । उनको भारतीय राजनीतिमा प्रभाव मात्रै छैन, ठूलो योगदान पनि छ । विदेशी बुहारी भएकै कारण प्रधानमन्त्री बन्ने अवसरबाट उनलाई भने वञ्चित गरियो । यस प्रकृतिको संवेदनशील विषयमा गठबन्धन सरकारले राष्ट्रहित विपरीत नागरिकतालाई राजनीतिक मुद्दा बनाउनु कदापि सही थिएन । देशका कयौं नागरिकले नागरिकता पाउन नसकिरहेको बेला आयातित नागरिकका लागि सती जान तयार हुनु राष्ट्रघाती कार्य नभै के हो ? अहिले पनि विधेयकलाई कुनै न कुनै हिसाबले कानुनी स्वरूप दिन सरकारले भगीरथ प्रयास गरिरहेको छ । आखिर संवैधानिक व्यवस्था र प्रचलित कानुनी मान्यताविरुद्ध गएर त्यस्तो दुस्साहस किन गरिरहेको छ ? सरकार कुनै शक्ति केन्द्रको इशारामा चलेरै जनताको विरोधका बीच यो कार्य गर्दैछ । संवैधानिक कानुनका जानकारहरूले भनिरहेका छन् कि संसद् निष्क्रिय भएसँगै संसद्ले पेस गरेको विधेयक पनि स्वाभाविक रूपमा निष्क्रिय हुन्छ । तर, उक्त मृत विधेयकलाई कानुनी मान्यता दिलाउन संवैधानिक मर्मविपरीतका दुष्प्रयास गरिनु कति जायज छ ? पहिलो, कानुनका केही बुझक्कडले प्रतिनिधि र राष्ट्रिय दुवै सभाबाट पारित भएकाले राष्ट्रपतिले प्रमाणीकरण नगरे पनि स्वतः कानुन बन्न सक्ने तर्क गर्दै आएका छन् । दोस्रो, उपराष्ट्रपतिमार्फत विधेयक पास गर्ने तानाबाना बुनेको देखिन्छ । र तेस्रो, सर्वोच्च अदालतमार्फत विधेयकलाई कानुन बनाउने धृष्टता गरेको देखिन्छ । तर यी अनेकौं प्रपञ्च गरी संवैधानिक कानुनको खिलापमा गएर सरकारले नागरिकता विधेयकलाई कानुनी मान्यता दिलाएमा ठूलो दुर्भाग्य हुनेछ । संविधानमा त्यस्तो प्रावधान कहीं कतै छैन । राष्ट्रपति व्यक्ति वा कुनै राजनीतिक दलको प्रतिनिधि नभै देशकै सर्वोच्च संस्था भएकाले त्यो गरिमालाई कायम राख्ने प्रमुख दायित्व सरकारको हुन्छ । सरकारले राष्ट्रपतिजस्तो संस्थामाथि अवैधानिक लाञ्छना लगाएर अपमानित गराउन मिल्दैन । सरकार आफैंले राष्ट्रपति संस्थाका विरुद्धमा द्वन्द्वको औपचारिक घोषणा गर्न सक्तैन । कार्यकारी अधिकार रहेको सरकार र आलंकारिक राष्ट्रपतिका बीचमा हुने शक्ति संघर्षले जनस्तरमा राज्यका सर्वोच्च निकायहरूप्रति विश्वासमा मात्रै कमी आउने छैन । त्यसले राष्ट्रियता, राष्ट्रिय एकता र स्वाधीनतालाई संरक्षण र प्रवर्द्धन गर्नुका विपरीत जनतामा राजनीतिक ध्रुवीकरण निम्त्याउने देखिन्छ । सरकारले कसैको स्वार्थका निम्ति कोही कसैको उक्साहट, सनक र सत्ता–शक्ति उन्मादमा स्वतः निष्क्रिय विधेयकलाई अब कानुनी स्वरूप दिने कार्य संविधानविपरीत हुन जान्छ । यदि कुनै ढंगबाट पारित गरेमा संवैधानिक व्यवस्था, कानुनी सर्वोच्चता, लोकतन्त्र र विधिको शासनमाथि गम्भीर प्रश्नहरू मात्रै उठ्दैनन् । त्यसलाई कानुनी अराजकता नै मानिनेछ ।

यस विधेयकलाई लिएर सर्वोच्च अदालतलाई समेत विवादमा तान्ने प्रयास भैरहेको छ । हिजो व्यक्तिलाई तोकेर प्रधानमन्त्री बनाउने र पुनर्स्थापनापश्चात् संसद्बाटै प्रधानमन्त्री चुन्ने अधिकारलाई कुण्ठित गर्ने विडम्बनापूर्ण फैसला गरेको सर्वोच्चले पटक–पटक आफूलाई कसरी विवादित बनाइरहला ? लामो समयदेखि उसले शक्तिकेन्द्रको साँठगाँठमा न्याय प्रक्रियालाई प्रभावित तुल्याउने र लाभका लागि मोलमोलाइ गरेको आरोप खेप्दै आएको छ । सर्वोच्चमाथिको जनविश्वासलाई

(बाँकी तेश्रो पेजमा)

# सरकारी स्रोतबाट पूर्व–पश्चिम रेलमार्ग बनाउन नसकिने यातायात मन्त्रालयको निष्कर्ष

काठमाण्डौ, ११ असोज ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सरकारको आफ्नै स्रोतबाट पूर्व–पश्चिम रेलमार्ग निर्माण गर्न नसकिने निष्कर्ष निकालेको छ । यातायातमन्त्री मोहम्मद इस्तियाक राईले सरकारी ढुकुटी प्रयोग गरेर पूर्व–पश्चिम रेलमार्ग निर्माण असम्भव रहेको निष्कर्ष सुनाएका छन् । नेपाल पूर्वाधार पत्रकार समाजसँगको भेटमा उनले पूर्व–पश्चिम विद्युतीय रेलमार्ग निर्माण गर्न १० वर्ष समयावधि र २४ खर्ब रुपैयाँ खर्च लाग्ने देखिएको बताए । 'त्यो अवधिको मूल्य समायोजन र जग्गा प्राप्तिसमेत गरेर त्यो परिमाणको खर्च हुने मन्त्रालयले अनुमान गरेको छ' उनले भने ।



यत्रो खर्च गरेर निर्माण गरिने रेलमार्गबाट हुने मुनाफा भने नदेखिएको उनको भनाइ छ । त्यति मात्र होइन, संघीय सरकारको वार्षिक पूँजीगत बजेटको आकार नै करिब ४ खर्ब रुपैयाँको हाराहारीमा छ । 'अन्य क्षेत्रमा लगानी नगरी पूर्व–पश्चिम रेलमार्ग निर्माणमा मात्र पूँजीगत खर्च लगाउने हो भने पनि ६ वर्षको बजेट छुट्याउनुपर्छ । जुन सम्भव देखिदैन' उनले थपे । औचित्य र आवश्यकता हो भनेर जग्गा प्राप्ति गरी निर्माण गर्ने हो भने पनि न्यूनतम २४ खर्ब रुपैयाँ नभई पूर्व पश्चिम रेलमार्ग निर्माण नहुने उनको

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश DAILY दैनिक
ल्वतष्यलर्बा



## नागरिकतामा...........

जोगाउने र बढावा दिने जिम्मेवारी पनि उसैको हो । त्यसो हुँदा ऊमाथि लाग्दै आएका अनेकौं आरोपको थुप्रोमाथि पुनः अर्को आरोप खेप्न सर्वोच्च अदालत सायदै तयार होला । अन्त्यमा, राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण नगर्नुमा राष्ट्रहित र जनहितको विषय मात्रै अर्न्तनिहित देखिँदैन । संसद् अस्तित्वमा नभएकाले प्राविधिक रूपमा स्वतः निष्क्रिय भएको विधयेकलाई प्रमाणीकरण गर्नु राष्ट्रपतिका कसैगरी उपयुक्त थिएन । अर्कोतर्फ नेपाल नागरिकता ऐन, २०६३ को संशोधनका क्रममा रहेको वैवाहिक विदेशी बुहारीलाई तात्तातै नागरिकता दिलाउने षड्यन्त्रलाई कसैगरी निस्तेज तुल्याउन आवश्यक थियो । सत्ता गठबन्धनकारी दलहरूले संसद्मा एमालेको तीव्र विरोधका बीच संसद्बाट विधेयक पास त गरे । त्यो खुलेआम राष्ट्रघाती विधेयकलाई कसैगरी जनता रोक्न चाहन्थे । त्यसका निम्ति राष्ट्रपतिबाहेक अरू कुनै विकल्प थिएन । संविधानभन्दा राष्ट्र, राष्ट्रियता र जनता माथि छन् । राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणित नगरिनुमा देश र जनताको सर्वोच्चतालाई शिरोपर गरेको देखिन्छ । त्यसकारण, वर्तमान सरकार र राष्ट्रपतिबीच नागरिकता विधेयक प्रमाणीकरण गर्ने र नगर्ने विषयले सिर्जना गरेको शक्ति संघर्षमा राष्ट्रपतिका विरुद्धमा सत्ता, गठबन्धनकारी दलहरू र विभिन्न स्वार्थ समूहले फैलाएका अराजनीतिक भ्रमहरूबाट सम्पूर्ण नेपाली मुक्त हुन आवश्यक छ ।
(साभार–अन्नपूर्णपोष्ट)

## सरकारी स्रोतबाट...........

भनाइ छ । 'देशको बजेट नै ४ खर्बको छ, खर्च वर्षमा ३ खर्ब रुपैयाँ मात्र भइरहेको छ । यस्तो अवस्थामा त्यो रेलमार्ग निर्माण सम्भव छैन' उनले भने । अहिले नेपालको आर्थिक अवस्था र स्रोतको उपलब्धताको हिसाबले निर्माण गर्न नसकिने उनले स्पष्ट पारे ।

कुनै पनि व्यवसाय थालनी गर्दा त्यसबाट हुने नाफा घाटा, भविष्यलगायतका विषयमा सयौं पटक सोचेर मात्र हात हाल्नुपर्ने भन्दै उनले कर्जा लिएर डुब्ने सम्भावना रहने उनको भनाइ छ ।

त्यस्तै, राज्यले नाफालाई मात्र प्राथमिकता दिएर लगानी नगरे पनि त्यसको दीर्घकालीन लाभ–हानी भने स्वभाविक हेर्नेमा उनले जोड दिए । 'न्यूनतम पनि त्यो आयोजना बनेपछि त्यही आयोजनालाई धान्न सक्ने खर्च उठ्ने न्यूनतम सर्त हुन्छ' उनले थपे । भौतिक पूर्वाधार तथा यातायातमन्त्री मोहम्मद इस्तियाक राइले सरकारले निर्माण नगरे पनि अन्य कुनै देश वा कम्पनी आएर, तोकिएको भाडादर लिने गरी पूर्व–पश्चिम विद्युतीय रेलमार्ग निर्माण र सञ्चालन गर्ने प्रस्ताव गरेको खण्डमा भने दिन सकिने उल्लेख गरे । त्यस्तै, अहिले पनि कुर्था जनकपुर जयनगर रेल सञ्चालन घाटामा रहेको उनको भनाइ छ ।

पूर्वाधार मन्त्री मोहम्मद इस्तियाक राईले पानी जहाज सञ्चालन पनि नेपालमा सम्भव नरहेको ठोकुवा गरे । 'केहीले बर्खे पानीमा कागजको पानीजहाज चलाएको र यथार्थमा नै चल्ने हल्ला गरेको सुनिन्छ, तर त्यो सम्भव नै छैन' उनले भने । कुन खोला खनेर जहाज चलाउने ? लगानी गरे पनि पानी जहाज नचल्ने उनले घोषणा गरे । प्लास्टिक वा रबरको डुंगा भने चलाएर आनन्द लिन सकिने उनको भनाइ छ । पानी जहाज कार्यालयमा थोरै जनशक्ति रहको भन्दै उनले कोलकात्तादेखि नेपालको श्रीलंका टापुसम्म राष्ट्रिय झण्डा राखेर साना जहाज भने सम्भव रहेको उनको भनाइ छ ।

भेटमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले गत आर्थिक वर्षमा पूँजीगत खर्च न्यून भए पनि चालु आर्थिक वर्षमा बढ्ने दाबी गरे । त्यस्तै, मन्त्रालयले नीतिगत सुधार, कर्मचारी थप गर्ने, ठेक्कामा नयाँ मोडल कार्यान्वयन गर्ने तयारी गरिरहेको जानकारी दिए । त्यस्तै, मन्त्रालयले सडक बोर्ड नेपालको खातामा भएको सडक मर्मतको रकम खर्च गर्न अर्थ मन्त्रालयले अनुमति नदिदा समस्या भएको उल्लेख गरे । (साभार–अनलाइनखबर)

## बारामा पहिलो ............

नियुक्त भइ जिम्मेवारी बहन गरेपछि सिम्रौनगढ नगरपालिकाको कार्यपालिका बैठक मैत्रीपुण तथा अनुशासित वातावरणमा बसेको थियो । उक्त बैठकमा विभिन्न पाँच वटा प्रशतावमा छलफल गरि निर्णयहरु समेत भएको छ । कार्यपालिकाको बोर्ड बैठकमा नगर प्रमुख कलवारले करार, ज्यालादारी ,लगायत अस्थायी सेवाका कर्मचारीको म्याद थप्ने बिषयमा, उपभोक्ता समिती संचालन तथा कार्यबिधी, मोटरसाइकल सवारीसाधन बुझाउने सम्बन्धमा ,गत आर्थिक बर्षको कर्मचारीको तलब, भाता भुक्तानी सम्बन्धमा, तथा विविध तर्फ सिम्रौनगढ नगर अस्पतालको स्तर उन्नतिको लागि अस्पतालले आफ्नो प्रतिबेदन पेश गर्ने सम्बन्धमा छलफल गरि निर्णय गरिएको छ । करार ,ज्यालादारी , मांसिक सेवाका कर्मचारीको म्याद थप्न नगरपालिकामा गठित सुशासन समितीको प्रतिबेदन अनुसार म्याद थपिने बिषयमा निर्णय गरिएको छ । करार ज्यालादारी ,अस्थायी सेवामा कार्यरत २ सय ६५ कर्मचारीले म्याद थपको लागि नगरपालिकामा आवेदन दर्ता गराएका छन ।

त्यसैगरी सिम्रौनगढ नगरपालिका बाट बुझेको मोटरसाइकल सवारीसाधन दुई दिन भित्र नगरपालिकामा बुझाउने त्यसको लागि पत्राचार तथा उपसमिति बनाउने निर्णय गरिएको छ । उपभोक्ता समिति संचालन कार्यबिधी सम्बन्धमा वडाको बिनियोजित बजेट वडा अध्यक्षको रोहबरमा तथा नगर स्तरीय बजेट नगर प्रमुखको आदेश निर्देशन अनुसार उपभोक्ता समिती वडा अध्यक्षको रोहबरमा बनाउने बिषयमा छलफल गरिएको थियो । उक्त बैठकमा बिभिन्न सञ्चारमाध्यममा आवद्ध पत्रकारहरुको उपस्थिती रहेको थियो ।

## दुई विधेयक.............

हुन् । नेपालको संविधानको धारा २०१ को उपधारा २ बमोजिम प्रदेश प्रमुख मिश्रले दुबै विधेयक प्रमाणीकरण गर्नुभएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

## कृषि औजार.............

औजार कारखानामा अनुसन्धान केन्द्र स्थापना गरी अनुसन्धान र तालिम समेत सञ्चालन गरी जनशक्ति उत्पादन गर्नु पर्ने भएको छ ।

केन्द्रले आधुनिक कृषि औजार उत्पादन र बिक्री गर्ने समेत जिम्मा पाएको छ । बिक्री–वितरणबाट प्राप्त रकम कारखानाको सञ्चालन एवं स्तरोन्नती गर्ने खर्च गरी प्रचलित कानुन बमोजिम करपछि रकममध्ये ५० प्रतिशत कोष खडा गरी बाँकी ५० प्रतिशत रकम वार्षिक रुपमा नेपाल सरकारको राजस्व खातामा जम्मा गर्नुपर्ने समेत शर्तमा उल्लेख छ ।

**वार्षिक लेखा परीक्षण केन्द्रबाट हुने**

सम्झौता अनुसार केन्द्रले कारखाना सञ्चालनको आम्दानी खर्चको प्रचलित कानुन बमोजिम लेखा राखी लेखापरीक्षण गराउनु पर्ने भएको छ । वार्षिक रुपमा आय विवरण समेत सोही बेला पेश गर्नु पर्ने गरी शर्त तोकिएको छ । राष्ट्रिय आविष्कार केन्द्रले नेपाल सरकारको उत्पादन वृद्धि र आयात प्रतिस्थापन गर्ने नीतिलाई कृषि औजार उत्पादन, वितरणमा टेवा पुर्याउने उद्देश्यप्रति प्रतिबद्ध भई कामकाज गर्नु पर्ने समेत शर्तमा राखिएको छ । कारखाना सञ्चालनका लागि सञ्चालक समिति रहने भएको छ । आविष्कार केन्द्रको सिफारिसमा कारखानामा कार्यरत प्राविधिक तथा व्यवस्थापकीय जनशक्तिको सेवा सुविधा निर्धारण गर्न र अनुमोदन गर्ने जिम्मा सोही समितिले पाएको छ । केन्द्रको सिफारिसमा सञ्चालक समितिले सञ्चालन कार्य योजना स्वीकृत गर्ने छ । सो क्रममा हाल उपलब्ध चल अचल सम्पत्तिको लगत तयार गरी प्रमाणित गरी अभिलेख राखी राष्ट्रिय आविष्कार केन्द्रलाई जिम्मा दिइने समेत शर्तमा उल्लेख छ ।

सञ्चालनको जिम्मा लिएको राष्ट्रिय आविष्कार केन्द्रले प्राप्त सम्पूर्ण भौतिक सम्पत्ति, जायजेथाको रक्षा गर्ने र संरक्षण गर्ने दायित्व पूरा गर्नु पर्नेछ । कारखाना करिब तीन दशकदेखि बन्द रहेको थियो । सरकारले आर्थिक वर्ष २०७९/८० को बजेटमा बन्द तथा रुग्ण रहेका कारखाना पुनः सञ्चालनमा ल्याउने घोषणा गरेको थियो । सोही अनुसार आविष्कार केन्द्रलाई कृषि औजार कारखाना सञ्चालन गर्ने जिम्मा दिइएको अर्थमन्त्री जनार्दन शर्माले बताए । यसअघि मन्त्री शर्माले २१ जेठमा वीरगञ्ज पुगेर कारखानाको स्थलगत निरीक्षण गरेका थिए । सम्झौतापछि आविष्कार केन्द्रका अध्यक्ष पुनले आफूले कहिल्यै नसोचेको जिम्मेवारी पाउँदा चिठ्ठा परेको जस्तो महसुस भएको बताए । आफूहरूको ज्ञान र विवेकले भ्याएसम्म राम्रो गरेर देखाउने प्रतिबद्धता उनको छ । (साभार–अनलाइनखबर)

## सिलौटाले .................

सिलौटा र बियरको बोतल बरामद गरि ज्यानसम्बन्धी कसुरमा म्याद थप गरि थप अनुसन्धान गरिरहेको डीएसपी क्षेत्रीले जानकारी दिए । (साभार–अनलाइनखबर)

## एक्लै लड्ने ..............

अहिले कांग्रेस(माओवादीको मोर्चामा छन् । जो २०६२/०६३ को आन्दोलनमा सहभागी भएनन्, गणतन्त्रप्रति अनुराग राखेनन्, ती नेताहरू अहिले एमालेको शीर्षस्थानमा छन् । संघीयता, धर्मनिरपेक्षता, सामाजिक न्यायसमेत सशस्त्र संघर्षको रापतापले बाध्यतावश बोक्नुपरेको बताउने ती नेताहरू अहिले आफ्नो विचार र मुद्दाअनुकूलका शक्तिहरू खोजेर सहकार्यको हात बढाइरहेका छन् । एमालेले राप्रपाका नेता राजेन्द्र लिङ्देलसँग चुनावी मोर्चामा सहकार्य गर्दैछ । लिङ्देल र उनको पार्टी यस्तो शक्ति हो, जसले अहिले पनि संवैधानिक राजतन्त्र, हिन्दू राज्य र एकात्मक राजनीतिक प्रणाली चाहन्छ । राजनीतिक रूपमा कमजोर अवस्थामा रहेको यो शक्ति अनुकूल परिस्थिति निर्माण गरी शक्ति सञ्चय गर्ने गौंडो कुरेर बसेको छ । नेपालमा गणतान्त्रिक व्यवस्था लामो समय नटिक्ने सार्वजनिक रूपमा अभिव्यक्ति दिँदै आएको यो शक्तिसँग सहकार्य गर्न एमालेमा किञ्चित अप्ठ्यारो अनुभूति देखिँदैन ।

महाधिवेशनमा पराजित भएपछि राप्रपा छोडेर राप्रपा नेपाल गठन गरेका कमल थापा पनि एमाले नेतृत्वको गठबन्धनको छातामुनि छन् । महाधिवेशन अघिसम्म गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताको चर्को विरोध गर्दै आएका थापा पार्टीबाट अलग भएपछि राजसंस्थाप्रति आफ्नो अनुराग

# इरानमा हिजाबको विरोध हुँदा भारतको कर्नाटकमा लगाउन पाउनुपर्ने माग

भारत, ११ असोज । एजेन्सी

इरानको धार्मिक प्रहरीको हिरासतमा २२ वर्षिया महसा अमिनीको मृत्यु भएयता विरोध प्रदर्शन भइरहेका छन् । विरोध देशका ८० भन्दा बढी शहरहरुमा फैलिएको समाचारहरु आइरहेका छन् । आन्दोलनकारी र सुरक्षाकर्मीबीचको झडपमा कम्तीमा ३५ जनाको ज्यान गएको छ भने सयौं प्रदर्शनकारी र अभियन्तालाई पक्राउ गरिएको छ । देशका धेरै ठाउँमा इन्टरनेट सेवा ठप्प छ । १६ सेप्टेम्बरमा निधन हुनुअघि २२ वर्षीया मेहसा अमिनी तीन दिनसम्म तेहरानको एक अस्पतालमा कोमामा थिइन् । परिवारका अनुसार महसाले 'सही' ढंगले टाउकोमा हिजाब नलगाएको भन्दै सेप्टेम्बर १३ मा उनलाई प्रहरीले हिरासतमा लिएको थियो । इरानी कानून अनुसार सार्वजनिक स्थानमा महिलाले हिजाब लगाउनु अनिवार्य छ । त्यो पनि हिजाब लगाउदाँ महिलाको टाउकोको एउटा कपाल पनि देखिनु हुदैन । इरानको राज्यले तय गरेको इस्लामिक व्याख्यालाई कार्यन्वयन गराउन त्यहाँ 'गश्त–ए–इरशाद' नामक एक धार्मिक प्रहरी बल गठन गरिएको छ । यस विशेष प्रहरी बलको काम इस्लामिक मूल्यमान्यता सुनिश्चित गर्ने र 'अनुपयुक्त' लुगा लगाएका मानिसहरूलाई पक्राउ गर्ने हो, जसमा मुख्यतः महिलाहरु पर्छन् । यही प्रहरी बलबाट पक्राउ परेकी अमिनीलाई हिरासतमा रहँदा अचानक हृदयघात भएको र त्यसैले गर्दा उनको मृत्यु भएको प्रहरीको दावी छ । तर महसा अमिनीका परिवारका सदस्यहरूले उनलाई प्रहरी हिरासतमा यातना दिएर मृत्यु भएको आरोप लगाएका छन् ।

अहिले इरानका कयौं स्थानमा बलजफ्ती हिजाब लगाउनु बाध्य बनाउने कानुनको विरोधमा महिलाहरूले सार्वजनिक स्थानमा आफ्नो हिजाब जलाईरहेका छन् । आन्दोलनमा 'महिला, जिन्दगी र स्वतन्त्रता' र 'न्याय, स्वतन्त्रता र हिज्ब–ए–इख्तियारी (स्वेच्छाले हिजाब लगाउने अधिकार)'का दुई नारा निक्कै प्रयोग भईरहेको छ । महसा अमिनीको मृत्युको वास्तविक कारण जे भएपनि उनको मृत्युको प्रतिक्रिया विश्वभरबाट आइरहेको छ । सडकदेखि सामाजिक सञ्जालसम्म र संयुक्त राष्ट्रसंघको महासभामा समेत उनको मृत्युको कुरा उठ्यो । भारतमा, जहाँ हिजाब लगाउन पाउनुपर्ने माग अदालतसम्म पुग्यो – इरानमा महिलालाई जबरजस्ती हिजाब लगाउने बाध्यपार्ने प्रथाविरुद्धको प्रदर्शनबारे भारतीय समाजिक संजालमा पनि बहस सुरु भएको छ । भारतमा यो बहस झनै महत्वपूर्ण किन बनेको छ भने देशको सर्वोच्च अदालतमा भर्खरै 'कर्नाटकको हिजाब विवादमा' सुनुवाइ सकिएको छ र मानिसहरु फैसलाको पर्खाइमा छन् । गत वर्ष, कर्नाटकको एक कलेजको व्यवस्थापनले मुस्लिम युवतीलाई हिजाब लगाएर कक्षाकोठामा प्रवेश गर्न निषेध गरको थियो । ६ जना युवतीहरु सो निर्णयको विरोधमा अदालत पुगे । कर्नाटक उच्च अदालतले तिनको विपक्षमा निर्णय सुनायो । यो मुद्दा अन्ततः सर्वोच्च अदालत पुग्यो । त्यहाँ बहस सकिएर मानिसहरु फैसलाको पर्खाइमा छन् । केहीले इरानको हिजाब विरोधी आन्दोलनलाई कर्नाटकको हिजाब मुद्दासँग जोड्ने प्रयास गरिरहेका छन् । दिल्लीस्थिति जवाहरलाल नेहरू विश्वविद्यालयमा पढाउने प्रोफेसर गजाला जमीलका अनुसार इरान र कर्नाटक दुवैमा महिलाको रोजाई मुख्य प्रश्न भएको बताइन् । 'भारतको कर्नाटकमा केही मुस्लिम युवतीहरूले हिजाब लगाउन पाउनुपर्ने माग गर्नु र इरानमा जबरजस्ती हिजाब लगाउने कानुनको विरोध दुवै सही छ । मुख्यतः सरकारले कसैले के खाने/नखाने वा महिलाले के लगाउने/नलगाउने भन्ने तोक्ने विषय होइन ।'

प्रोफेसर जमीलका अनुसार कर्नाटकको हिजाब मुद्दाले भारतमा महिला आन्दोलनसँग जोडिएका मानिसहरूको सोचमा परिवर्तन ल्याउने काम गरेको छ । 'महिलाको हिँडडुलमा अवरोध पु–याउने पहिरनको महिला आन्दोलनले विरोध गरेको छ । तर कर्नाटकमा हिजाबले केटीहरूलाई शिक्षाबाट रोकेको होइन, शिक्षा प्राप्त गर्ने माध्यम बनेको देखिएको छ । महिला आन्दोलनसँग जोडिएका मानिसहरुले यस विषयमा आफ्नो सोच बदल्दै भने की यदी ती युवती हिजाब लगाएर पढ्न चाहन्छन् भने कपडाको पछि लाग्नु हुँदैन,' प्रोफेसर गजाला जमीलले भनिन् । प्रख्यात महिला अधिकारकर्मी तथा भारतीय कम्युनिष्ट पार्टी सीपीआई ( एमएल)की पूर्व पोलिटब्युरो सदस्य कविता कृष्णान पनि जमिलसँग सहमत छिन् । 'इरानमा इस्लामको नाममा जबरजस्ती हिजाब लगाउन बाध्य पार्नु र भारतमा स्कूल युनिफर्मको नाममा हिन्दुत्व शक्तिमार्फत मुस्लिम युवतीहरुलाई हिजाब उतार्न कोसिस गर्नु दुवै सत्ताले महिलाहरूमाथि नियन्त्रण गर्ने प्रयासका रुपमा हेर्दा बढि स्पष्ट हुन्छ । महिलाहरूले यस प्रवृत्तिविरुद्ध एकजुट भएर लड्नु पर्छ,' उनको भनाइ छ ।

कर्नाटकको हिजाब प्रकरणपछि भारतमा भएको महिला आन्दोलनको सन्दर्भमा कविता भन्छिन्, 'महिला आन्दोलनले सन्दर्भलाई हेर्छ । समुदायमा संस्कृतिको नाममा महिलामाथि दबाब छ र महिलाहरूले सधैं यस दबाबको प्रतिरोध गरेका छन् । यसलाई महिला आन्दोलनले हृदयदेखि समर्थन गर्छ । तर हामीले यो पनि हेर्नु पर्छ कि हिन्दू सर्वोच्चतावादी राजनीति अहिले सत्तामा छ र यसले मुस्लिम केटीहरूलाई हिजाब र स्कूल मध्ये एक छनौट गर्न बाध्य पारिरहेको छ ।' तृष्णनका अनुसार उनले यस्ता धेरै हिजाब लगाउने महिलालाई चिनेकी छन् जो नारीवादी अभियानमा सरिक भए तिनको र अन्य महिलाहरूको अधिकारको लागि लडिरहेका छन् । उनको भनाइ छ, 'केही मुस्लिम महिलालाई अहिलेको राजनीतिक परिस्थितिमा आफू मुस्लिम भएको घोषणा गर्न आवश्यक भएको महसुस भएको छ । किनभने यतिखेर यस्तो राजनीति हावी भईरहेको छ जसले सिंगो मुस्लिम समाज सार्वजनिक रूपमा नदेखियोस् भन्ने चाहन्छ । उनीहरु यो समुदायलाई लुकाउन चाहन्छ । किनकि यस्तो राजनीतिक गर्नेहरु मुस्लिमलाई भारतमा बस्न योग्य नभएको मान्छ ।' कर्नाटक हिजाब मामिलामा एक एनजीओको तर्फबाट सर्वोच्च अदालतमा उपस्थित वकिल शाहरुख आलमका अनुसार इरानमा हिजाबको विरोध गर्ने महिला र भारतको कर्नाटक राज्यमा हिजाब लगाउन चाहने युवती दुवैको माग वास्तवमा एउटै भएको बताउँछिन् । दुवै मुद्दा महिलाको छनोटको अधिकारको विषयमा केन्द्रीत रहेको उनले बताइन् । सर्वोच्च अदालतमा बहसको क्रममा सरकारले दिएको तर्कलाई उद्धृत गर्दै अधिवक्ता आलमले भनिन् ,'भारत सरकारले हिजाब लगाउनु पछौटेपन, रूढिवादी परम्परा वा कट्टरपन्थी सोचको संकेत हो भनी भन्दै आएको छ । यो केवल सरकारको धारणा हो, जुन उ अरुमाथि थोपर्न चाहँदैछ । इरान सरकारले पनि आफूले जे गर्न भन्यो त्यही हुनुपर्छ भनिरहेको छ । ' (साभार–बीबीसी हिन्दी)

सकिएको बताउन थालेका छन् । तर, उनको दृष्टिकोणमा कुनै बदलाव आएको भने देखिँदैन । सत्ताका लागि जस्तोसुकै सम्झौता गर्न पछि नगर्ने नेताको अभियोग खेपिरहेका थापा पनि मुद्दा मिलेकै कारण एमाले छातामुनि छन् । मधेशलाई नेपालबाट अलग गर्ने घोषणासहित मधेशमा हिंसात्मक संघर्ष गरी शान्तिप्रक्रियामा आएको सिके राउत समूह पनि एमाले गठबन्धनमा सामेल छ । नेपाल जनमत पार्टीका नाममा स्थानीय चुनावमा भाग लिएको यो शक्ति पश्चिमा शक्तिकेन्द्रद्वारा परिचालित भएको अभियोग लाग्ने गरेको छ । हिंसात्मक संघर्ष त्यागे पनि पृथकतावादी नीति नत्यागेको यो शक्तिसँग एमालेको गठबन्धन प्राकृतिक देखिँदैन, किनकि एमाले र अध्यक्ष ओली पहाडिया खस राष्ट्रवादको पक्षमा छन्, जुन कुरा राउतको पार्टीसँग मेल खाँदैन । एमालेसँग गठबन्धन गर्ने शक्तिमा हृदयेश त्रिपाठी नेतृत्वको समूह पनि पर्दछ । ओली सरकारमा मन्त्रीको जिम्मेवार पाएका त्रिपाठी २०७४ को निर्वाचनमा समेत सूर्य चिन्हबाट प्रतिस्पर्धा गरेका थिए । तुलनात्मक रूपमा अरूभन्दा कम आलोचित त्रिपाठी समूहको मुद्दा भने एमालेसँग मिल्दैन । त्रिपाठी समूह पहिचान र सामाजिक न्यायको मुद्दाको पक्षमा छ, जुन मुद्दा एमाले र अध्यक्ष ओली सुन्न चाहँदैनन् । तर, यति धेरै अन्तरविरोधका बाबजूद पनि २ दलको सहकार्य निरन्तर छ । पूर्वमन्त्री एकनाथ ढकालको परिवार दल गत स्थानीय निर्वाचनमा घोषित रूपमै सूर्य चिन्हबाट चुनाव लडेको थियो । होलिवाइन प्रकरणले विवादमा आएका ढकाल पश्चिमा शक्तिहरूबाट परिचालित भएको आरोप लाग्ने गरेको छ । तर, एमाले त्यो दललाई आफ्नै चुनाव चिन्हबाट चुनाव लड्ने गरी सहकार्यमा राखिरहेको छ ।

यी शक्तिका साथै एमालेले सिपी मैनाली नेतृत्वको नेकपा मालेदेखि विप्लव नेतृत्वको नेकपा र महन्त ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीसँग समेत अघोषित सहकार्य गरिरहेको छ । एमालेले निर्वाचनमा जति शक्तिसँग सहकार्य गरिरहेको छ, ती कुनै पनि शक्ति अन्तरमनले वर्तमान संविधान मान्न तयार देखिँदैनन् । कमल थापा र राजेन्द्र लिङ्देल संविधानका अधिकांश प्रावधान र यसको मूल चरित्रसँगै असहमत छन् । राउत, त्रिपाठी र ठाकुर आत्मनिर्णयको अधिकार खोजिरहेका छन् । राउतको समूह त अलग राष्ट्रको नारामै कायम रहेको देखिन्छ । मैनाली नेतृत्वको मालेसमेत पछिल्लोसमय दरबारमुखी भएको अभियोग लाग्ने गरेको छ ।

वर्तमान राजनीतिक प्रणालीप्रति नै असहमत रहेको विप्लव नेकपासँग पनि ओलीको सामिप्यता घटेको छैन । यसरी अतिउत्तर र अतिदक्षिण ध्रुवका शक्तिहरू अति घनिष्ठताका साथ सहकार्य गर्दासमेत उनीहरूको वैचारिक दृष्टिकोण र मुद्दाबारे हामीकहाँ खास बहस र विमर्श भएको देखिँदैन । भोटका लागि जुनसुकै शक्तिसँग सहकार्य र गठबन्धन गर्नसक्ने एमाले स्वतन्त्र जनप्रतिनिधिसँग भने अनुदार देखिएको छ । धरानका मेयर हर्क साम्पाङ र काठमाडौंका मेयर बालेन साहलाई लक्षित गरिएको एमाले नेताहरूले दिएको अभिव्यक्तिलाई आधार मान्ने हो भने एमाले उनीहरू त्रसित भएको छनक मिल्छ । स्वतन्त्र उम्मेदवारलाई माओवादी अध्यक्ष प्रचण्डले 'गणतन्त्रको फूलबारीमा फुलेका फूलहरू' भनिरहँदा एमाले अध्यक्ष ओली, नेता महेश बस्नेत लगायतले स्वतन्त्र जनप्रतिनिधि र उम्मेदवारमाथि आफ्ना तिखा अभिव्यक्तिबाट आक्रमण गरिरहेका छन् ।

# बेलायत जाने नर्ससँग पैसा असुलेको गुनासोप्रति सरकारको ध्यानाकर्षण




काठमाण्डौ, ११ असोज ।

सरकारी कोटामा बेलायत जान चाहने नेपाली नर्ससँग विभिन्न वहानामा पैसा असुलेको गुनासोप्रति सरकारको ध्यानाकर्षण भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै विभिन्न एजेण्ट तथा कन्सल्टेन्सीले पैसा उठाइरहेको गुनासोप्रति मन्त्रालयले ध्यानाकर्षण भएको जनाएको हो। नेपाल सरकार र बेलायत सरकारबीच समझदारी पत्रमा हस्ताक्षर भएर 'जी टु जी' मार्फत कामदार पठाउने तयारी भइरहेको भन्दै त्यसका लागि एक पैसा पनि शुल्क नलाग्ने प्रष्ट पारेको छ । बेलायतको चर्चित पत्रिका द गार्जियनले सरकारी कोटामा बेलायत जाने नर्ससँग नेपाली एजेन्टहरूले पैसा लिइरहेको भन्दै समाचार प्रकाशित गरेको थियो । यसमा बेलायतले नेपाली नर्सलाई ल्याउने विषयमा सचेत हुनुपर्ने भन्दै विज्ञको समेत धारणा सार्वजनिक गरेको थियो । यसले नेपाली नर्सलाई सम्मानजनक व्यवहार नहुनेप्रति सचेत गराउँदै दुवै सरकारको ध्यानाकर्षण गराएको थियो । उक्त समाचारप्रति मन्त्रालयले आफ्नो ध्यानाकर्षण भएको जनाउँदै नेपाली स्वास्थ्यकर्मीहरूलाई बेलायतमा रोजगारी प्रदान गर्दा कुनै शुल्क नलाग्ने र छनौट प्रक्रिया पारदर्शी तवरले अगाडि बढ्ने जनाएको छ। मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले जारी गरेको विज्ञप्ति अनुसार बेलायतको स्वास्थ्य तथा सामाजिक सेवा मन्त्रालय र नेपालको वैदेशिक रोजगार विभागबाट संयुक्त रूपमा कार्यान्वयन हुने भन्दै त्यसका लागि वैदेशिक रोजगार विभागमा एक छुट्टै कार्यान्वयन इकाई समेत स्थापना भइसकेको जनाए । (साभार–रातोपाटी)

# उम्मेदवारले २५ देखि ३३ लाखसम्म खर्च गर्न पाउने आयोगको प्रस्ताव

काठमाण्डौ, ११ असोज ।

निर्वाचन आयोगले मंसिर ४ मा हुने प्रदेश र प्रतिनिधि सभा सदस्य निर्वाचनमा उमेदवारहरूले गर्ने खर्चको सीमा तोक्न मंगलबार दलहरूसँग छलफल गर्ने भएको छ। त्यसका लागि आयोगले १२ दलका प्रतिनिधिलाई आयोगको केन्द्रीय कार्यालयमा छलफलका लागि बोलाएको छ। आयोग प्रवक्ता शालिग्राम पौडेलले ११ बजे दलहरूसँग छलफल राखिएको बताए । निर्वाचन आयोग स्रोतका अनुसार २०७४ को तुलनामा उम्मेदवारले गर्न पाउने खर्च बढाउने तयारी गरेको छ। ०७४ को निर्वाचनमा प्रदेश सभातर्फ प्रति उमेदवार १५ लाख र प्रतिनिधि सभातर्फ २५ लाख रुपैयाँ खर्च सीमा तोकेको आयोगले यो पटक त्यसमा हेरफेर गर्न लागेको हो । त्यसका लागि आयोगले दलहरूलाई खर्च सीमाको प्रस्ताव अध्ययनका लागि पठाइसकेको छ । जसमा जिल्ला पिच्छे फरकफरक छ। प्रवक्ता पौडेलले खर्च सीमाबारे विभिन्न प्रस्तावमा छलफल भएको र तिनै प्रस्तावहरूमाथि सुझाव लिएर निर्णय लिने बताए । 'वैज्ञानिक र तथ्यपरक ढंगले उम्मेदवारले गर्न पाउने खर्चबारे निर्णय हुन्छ। त्यसमा जिल्ला र निर्वाचन क्षेत्रको भुगोलदेखि जनसंख्या समेतलाई हेरिन्छ', प्रवक्ता पौडेलको भनाइ छ। आयोगले तयार पारेको प्रस्तावमा १६५ निर्वाचन क्षेत्रलाई ५ वटा क्याटागोरीमा विभाजन गरिएको छ। जसमा २५ लाखदेखि ३३ लाखसम्म एक उम्मेदवारले खर्च गर्न पाउने प्रस्ताव छ। आयोगले गरेको प्रस्ताव अनुसार ५ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले २५ लाख, २३ वटाले २७ लाख, ६६ वटाले २९ लाख, ४४ वटाले ३१ र २७ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले ३३ लाखसम्म खर्च गर्न पाउनेगरी प्रस्ताव गरेको छ। त्यस्तै निर्वाचन आयोगले सकभर आजैबाट निर्वाचन आचारसंहिता पुर्ण कार्यान्वयनमा ल्याउने भएको छ।'आचार संहिता कार्यान्वयन कहिलेबाट गर्ने भनेर निर्णय नै त भैसकेको छैन । तर अब छिटै निर्णय भएर कार्यान्वयनमा जान्छ', आयोगका सहसचिव समेत रहेका पौडेलको भनाइ छ। (साभार–रातोपाटी)

# निर्वाचन बिथोल्ने षड्यन्त्र भइरहेको छ : श्रेष्ठ

काठमाण्डौ, ११ असोज ।

नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले मंसिर ४ गतेका लागि तय भएको आम निर्वाचन बिथोल्ने प्रयत्न र षड्यन्त्र भइरहेको बताएका छन् । मंगलबार पार्टीको प्रवास समन्वय समितिको बृहत राजनीतिक प्रशिक्षण कार्यक्रमलाई जुम मार्फत सम्बोधन गर्दै श्रेष्ठले षड्यन्त्रहरुलाई चिर्दै मंसिर ४ गते नै गर्न चुनाव गरिने बताए । '२०७४ सालको चुनावमा संविधान कार्यन्वयनको अवस्थामा थियो । त्यतिबेला स्थानीय तहसहित प्रदेश र संघको चुनाव भयो। गत वैशाख ३० गते स्थानीय तहको चुनाव सम्पन्न गर्‍यौं। आगामी मंसिर ४ गते संघ र प्रदेश सभाको चुनाव हुँदैछ' श्रेष्ठले भने, 'यो निर्वाचनलाई बिथोल्ने विभिन्न प्रयत्न र षड्यन्त्रहरु भइरहेका छन् । त्यसमा हामीले अनुभुति गरेका छौँ । हामी सम्पूर्ण कुराहरुलाई छोडेर देशलाई चुनावको दिशामा हेल्ने प्रयत्न गरिरहेका छौँ। चुनाव निर्धारित समयमै हुनेछ।'




चुनावमा माओवादीले सफलता प्राप्त गर्ने मुख्य कार्यनीति बनाएर अघि बढेको पनि श्रेष्ठले बताए। 'हाम्रो मुख्य नेतृत्वबाट संविधान निर्माण भएको छ। जसबाट संघीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक व्यवस्था स्थापित भएको छ। अब विकास र समृद्धि पार्टीकै मुख्य नेतृत्वले गर्नेगरी लाग्नु सबैले साथ दिनु पर्ने छ' श्रेष्ठले भने। अब पार्टीकै पहलमा विदेशमा भएका नेपालीहरुलाई स्वदेशमै रोजगारी दिने अवस्थामा पुर्‍याउनुपर्ने श्रेष्ठले बताए। यस्तै प्रवास समन्वय समितिका अध्यक्ष ओम शर्माले आगामी चुनावमा सम्पूर्ण पार्टी एकताबद्ध भई जुट्नुपर्ने बताए । 'हिजो जनयुद्धमा बुलेटबाट लडाइँ लड्यौं। अबको चुनाव ब्यालेटबाट जित्नु पर्नेछ। त्यसका लागि पार्टीका सबै नेता कार्यकर्ता एकजुट भई लाग्नुपर्‍यो' शर्माले भने, 'देशको विकास र समृद्धि काँग्रेस एमालेले गर्दैनन्। त्यो जिम्मेवारी पनि माओवादीकै नेतृत्वले पुरा गर्ने छ।' पार्टीका विरुद्ध एमाले नेता कार्यकर्ताले सामाजिक सञ्जालबाट बदनाम गरेको बताउँदै शर्माले त्यसको प्रतिवादमा जुट्न आग्रह गरे । पार्टीलाई व्यवस्थित बनाउन लेभी सिस्टममा लगिएको पनि शर्माले बताए। (साभार–रातोपाटी)

# बन्दीको रिट हेर्न दसैं बिदामा पनि सर्वोच्च अदालत खुला रहने

काठमाण्डौ, ११ असोज ।




घटस्थापनदेखि पूर्णिमासम्म सर्वोच्च अदालतमा अन्य सुनुवाइ नहुने भएपनि बन्दी प्रत्यक्षीकरणको रिटमाथि भने सुनुवाइ हुने भएको छ। सर्वोच्च अदालतले विज्ञप्ति जारी गर्दै दशैं बिदामा पनि बन्दी प्रत्यक्षीकरणको रिट लिने र सुनुवाइ गर्ने बताएको हो । घटस्थापनाका दिनदेखि नै अदालतका अन्य काम भने बन्द गरिएको छ। अब शनिवार र विजय दशमीको दिनबाहेक अन्य दिनमा बिहान ११ बजेदेखि अपरान्ह ३ बजेसम्म अदालत खुला रहने सर्वोच्च अदालतले जनाएको छ । यद्यपि दशैं विदामा बन्दी प्रत्यक्षीकरणको रिट मात्रै हेरिने छ। बन्दी प्रत्यक्षीकरणको रिट हेर्न न्यायाधीशहरूलाई जिम्मेवारी तोकिएको छ । न्यायाधीशहरूले दिन अनुसार पालैपालो बन्दी प्रत्यक्षीकरणको रिट हेर्नेछन्। (साभार–रातोपाटी)

## कोल्हबी नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

## सुवर्ण गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

## विश्रामपुर गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

## फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

## व्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा